# काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गण्डकी प्रदेस, बागलुगं
# को
# प्रस्तावित औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना।

**(प्रकाशीत मिति : २०७८ साल माघ ५ गते, बुधवार)**

गण्डकी प्रदेस, बागलुगं जिल्ला, काठेखोला गाउँपालिका, वडा नं ७, रेशामा काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्धारा निम्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बिहुँकोट, बागलुङ, गण्डकी प्रदेस, नेपाल |
| प्रस्तावको ब्यवहोरा | यस काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्धारा गाँउपालिकाको वडा नं ७, रेसामा रहेको १,०७,२७७ वर्गमीटर (१०.७२ हेक्टर) क्षेत्रफलको जमिनमा औद्योगिक ग्रामका आधारभूत संरचनाहरु निर्माण गरि संचालन गर्ने योजना गरिएको छ। प्रस्तावित औद्योगिक ग्राममा स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थ, अर्ध प्रशोधित कच्चा पदार्थ, खेर गएका वस्तु प्रयोग गरी उत्पादन गर्ने उद्योग, कृषि तथा वन पैदावारमा आधारित उद्योगहरु जस्तै: डेरी, मह प्रशोधन, चिया-कफी प्रशोधन, फलफूल तथा जटबुटी प्रशोधन, काठ तथा वेत, वासजन्य फर्निचर उद्योग, प्राकृतिक रेशा उत्पादन तथा रेशामा आधारित उद्योगहरु, स्थानीय मागमा आधारित घरेलु उद्योग, उर्जामुलक उद्योग, सैर्य उर्जा, नविकरणीय उर्जा उत्पादन गर्न मेसिन उपकरण निर्माण संग सम्वन्धित उद्योग, बायोग्यास प्लान्ट उद्योग आदी तथा सेवामुलमक उद्योगहरु जस्तै: छापाखाना, यान्त्रिक कार्यशाला, पानी प्रशोधन प्राविधिक प्रशिक्षण सिप विकास, सफ्टवेयर विकास आदी, प्रतिस्पदात्मक क्षमता भएका अन्य उद्योग तथा स्थानीय तहले उपयुक्त ठानेका अन्य उद्योग सेवाहरु रहनेछन्। आयोजनामा औद्योगिक ग्राम प्रशासनिक भवन, वैकं तथा वित्तिय संस्थाहरु, दिवा शिशु स्याहार केन्द्र, अग्नी नियन्त्रकको व्यवस्था, सामान प्रदर्शनि तथा विक्रि कक्ष, महिला तथा पुरुष शौचालय तथा स्नान गृह, पार्किगं तथा आराम स्थल, क्यान्टीन तथा प्राथमिक स्वास्थ्य केन्द्रहरु लगायतका सामान्य सेवासुविधाहरु रहनेछन्। आयोजना निर्माणका लागि औद्योगिक ग्रामको पर्खाल सहितको तारवार, मुख्य तथा सहायक मार्ग तथा पैदल मार्ग, उद्योग स्थापनाका लागी प्लट निर्माण गरिनेछन भने ११ के.भी.ए विद्यूत प्रसारण लाइन, आवस्यकता अनुसार विद्युत सवस्टेसन तथा ट्रान्सफर्मरको व्यवस्था सहित आन्तरिक विद्युत लाइन वितरण, वैकल्पिक उर्जा पर्वद्धन, गोदाम घर, स्थानीय मुलबाट पानी आपूर्तिको ब्यवस्था, भूमिगत तथा सतही ढलनिकासको ब्यवस्था, औद्योगिक फोहर संकलन तथा विसर्जन फोहोरपानी उपचार तथा व्यवस्थापन, संचार सुविधाहरुको विकास, सडक वत्ती व्यवस्थापन एवं हरियाली पर्वद्धन पूर्वाधार विकासहरु गरिनेछन्। |
| प्रस्तावको प्रभावित क्षेत्र | काठेखोला गाउँपालिका, वडा नं ७, रेशा |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली वीच के कस्तो प्रभाव पर्छ भनी त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको रायसुझाव लिन आवस्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनहुन अनुरोध गरिन्छ।

**राय सूझाव तथा प्रतिक्रिया पठाउन सकिने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावक** | काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बिहुँकोट, बागलुङ, गण्डकी प्रदेस, नेपाल<br>सम्पर्क फोन नं . ९८५७६२५१०१<br>इमेल : info@kathekholamun.gov.np/kathekhoagahunpalika1233@gmail.com |
| **परामर्शदाता** | इम्वार्क डिजायनर्स एण्ड डेभेलपर्स प्रा.लि., नयाँ बानेष्वर, काठमाण्डौ<br>इमेल : embarkdesigner@gmail.com<br>सम्पर्क नं : ९८६०१४१९७३, ९८५११५२५९० |